नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट मिति २०८२।०६।३१ गते स्वीकृत

# राष्ट्रिय योग्यता परीक्षण सञ्चालन नियमावली, २०८२ (प्रथम संशोधन, २०८२)

प्रस्तावना: उच्चशिक्षाको शैक्षिक गुणस्तर अभिवृद्धिका लागि शिक्षणमा आबद्ध तथा प्रवेश गर्न चाहने जनशक्तिको योग्यता परीक्षण गर्न वाञ्छनीय भएकाले,

विश्वविद्यालय अनुदान आयोग ऐन, २०५० को दफा १९ को अधिकार प्रयोग गरी विश्वविद्यालय अनुदान आयोगले यो नियमावली बनाएको छ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस नियमावलीको नाम "राष्ट्रिय योग्यता परीक्षण सञ्चालन नियमावली, २०८२" रहेको छ ।

(२) यो नियमावली स्वीकृत भएको मितिदेखि प्रारम्भ हुने छ ।

२. **परिभाषा** : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "अस्थायी प्रमाणपत्र" भन्नाले यस नियमावली लागू हुनुपूर्व विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थामा अस्थायी वा करार सेवामा कार्यरत शिक्षकलाई आयोगले निश्चित प्रक्रिया अपनाई निश्चित अवधिका लागि प्रदान गरेको प्रमाणपत्र सम्झनुपर्छ ।

(ख) "आयोग" भन्नाले विश्वविद्यालय अनुदान आयोग सम्झनुपर्छ ।

(ग) "उम्मेदवार" भन्नाले योग्यता परीक्षण प्रक्रियामा सहभागी व्यक्तिलाई सम्झनुपर्छ।

(घ) "तोकिए वा तोकिए बमोजिम" भन्नाले यस नियमावली तथा आयोगले निर्धारण गरेका आवेदन, दरखास्त, फाराममा तोकिएका कुरालाई सम्झनुपर्छ ।

(ङ) "नियमावली" भन्नाले "राष्ट्रिय योग्यता परीक्षण सञ्चालन नियमावली,२०८२" सम्झनुपर्छ ।

(च) "परीक्षण" भन्नाले राष्ट्रिय योग्यता परीक्षण (नेशनल एलिजिबिलिटी टेस्ट-नेट) सम्झनुपर्छ।

(छ) "प्रमाणपत्र" भन्नाले विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थामा शिक्षण /अनुसन्धान कार्यमा संलग्न हुन चाहने व्यक्तिले त्यस्तो कार्य गर्नुअघि आयोगबाट सञ्चालित परीक्षणमा सहभागी भई प्राप्त गरेको प्रमाणपत्र सम्झनुपर्छ ।

(ज) "विश्वविद्यालय तथा उच्च शैक्षिक संस्था" भन्नाले प्रचलित कानुनबमोजिम स्थापना भएका विश्वविद्यालय, सो सरहका प्रतिष्ठान, विश्वविद्यालयअन्तर्गतका आङ्गिक तथा सम्बन्धनप्राप्त क्याम्पसहरू सम्झनुपर्छ ।

(झ) "मन्त्रालय" भन्नाले शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सम्झनुपर्छ।

(ञ) "समिति" भन्नाले नियम ५ बमोजिम गठित राष्ट्रिय योग्यता परीक्षण समिति सम्झनुपर्छ ।

(ट) "शाखा" भन्नाले राष्ट्रिय योग्यता परीक्षणसम्बन्धी कार्य गर्ने आयोगको शाखा सम्झनुपर्छ ।

(ठ) "शिक्षक" भन्नाले विश्वविद्यालयमा शिक्षण प्रशिक्षण तथा अनुसन्धान गर्ने प्राध्यापक, सहप्राध्यापक, उपप्राध्यापक वा सहायक प्राध्यापकलाई जनाउँछ र सो शब्दले विश्वविद्यालय वा उच्च शैक्षिक संस्थामा अस्थायी वा करारमा कार्यरत र त्यस्तो कार्यमा संलग्न हुने अन्य व्यक्तिलाई समेत जनाउँछ ।

सदस्य सचिव

## परिच्छेद- २

## अनुमतिसम्बन्धी व्यवस्था

३. **प्रमाणपत्र लिनुपर्ने** : (१) विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थामा शिक्षण कार्यमा संलग्न हुन चाहने योग्य व्यक्तिले त्यस्तो कार्य गर्नुअघि आयोगबाट सञ्चालित परीक्षण उत्तीर्ण गरी प्रमाणपत्र प्राप्त गरेको हुनुपर्ने छ ।

(२) विश्वविद्यालय तथा उच्च शैक्षिक सस्थाबाट शिक्षण प्रशिक्षणका लागि शिक्षक जनशक्ति नियुक्त वा छनोट गर्दा अन्य वाञ्छनीय योग्यताका साथै आयोगबाट उपनियम (१) बमोजिमको प्रमाणपत्र प्राप्त व्यक्तिलाई मात्र योग्य मानिने गरी व्यवस्था गर्नुपर्ने छ ।

(३) उपनियम (१) बमोजिमको प्रमाणपत्र प्राप्त नगरी शिक्षण प्रशिक्षणमा संलग्न हुने व्यक्ति र संलग्न गराउने विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाको कार्यलाई आयोगले मान्यता दिने छैन ।

४. **सूचनासम्बन्धी व्यवस्थाः** (१) आयोगले परीक्षण प्रत्येक वर्ष सञ्चालन गर्ने छ ।

(२) उपनियम (१) बमोजिमको परीक्षणमा सहभागी हुन कम्तीमा २१ दिनको समय दिई आवेदन आह्वान गरिने छ ।

(३) उपनियम (२) बमोजिमको म्यादभित्र निर्धारित प्रक्रियाबमोजिम आवेदन गरेको व्यक्ति मात्र परीक्षणमा सहभागी हुनसक्ने छ ।

## परिच्छेद- ३

## समितिसम्बन्धी व्यवस्था

५. **राष्ट्रिय योग्यता परीक्षण समिति** : (१) विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाको शिक्षण प्रशिक्षण कार्यमा संलग्न हुने जनशक्तिको योग्यता परीक्षणका सम्बन्धमा नीति निर्धारण, समन्वय, सञ्चालन तथा व्यवस्थापन गर्न एक राष्ट्रिय योग्यता परीक्षण समिति रहने छ ।

(२) उपनियम (१) बमोजिमको समितिको गठन देहाय बमोजिम हुने छः-

(क) अध्यक्ष, विश्वविद्यालय अनुदान आयोग - अध्यक्ष

(ख) सचिव, विश्वविद्यालय अनुदान आयोग - सदस्य

(ग) सहसचिव, उच्च शिक्षा महाशाखा, मन्त्रालय - सदस्य

(घ) आयोगबाट मनोनीत विश्वविद्यालय सेवा आयोगका अध्यक्ष वा सदस्यमध्येबाट एकजना - सदस्य

(ङ) आयोगबाट मनोनीत योग्यता परीक्षणसम्बन्धी विज्ञ एक जना - सदस्य

(३) आयोगबाट मनोनीत सदस्यको पदावधि दुई वर्ष हुने छ।

(४) समितिका अध्यक्षले आवश्यकताअनुसार योग्यता परीक्षणसँग सम्बन्धित क्षेत्रको विज्ञलाई समितिको बैठकमा आमन्त्रण गर्नसक्ने छ ।

(५) समितिको बैठक सञ्चालनसम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरेबमोजिमको हुने छ ।

सदस्य सचिव

(६) समितिका अध्यक्ष, सचिव, सदस्य तथा आमन्त्रित विज्ञले आयोगको नियमानुसार बैठक भत्ता पाउने छन् ।

(७) परीक्षणसम्बन्धी कामलाई व्यवस्थित, प्रभावकारी रूपमा समयमै सम्पन्न गर्न समितिले आवश्यकताअनुसार उपसमिति/विज्ञ समिति गठन गर्नसक्ने छ ।

६. **समितिको काम, कर्तव्य र अधिकार** : (१) उच्चशिक्षाको शिक्षण प्रशिक्षणमा संलग्न जनशक्तिको पेसागत योग्यता, सक्षमता, इमानदारी, प्रतिबद्धता र जवाफदेहिता वृद्धि गर्न शिक्षण प्रशिक्षणमा प्रवेश चाहने जनशक्तिको योग्यता परीक्षण गरी योग्यतम जनशक्ति छनोटको व्यवस्था गर्नु समितिको प्रमुख कार्य हुनेछ।

(२) उपनियम (१) मा उल्लिखित कार्यका अतिरिक्त समितिका अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छन् :-

(क) परीक्षण कार्यलाई दीर्घकालीन, प्रभावकारी र पारदर्शी बनाउनका लागि अवलम्बन गर्नुपर्ने नीतिगत विषयमा आयोगसमक्ष सुझाव पेस गर्ने,

(ख) परीक्षणका लागि निर्धारण गरिएको मूल्याङ्कनका क्षेत्र, विधि, अङ्कभार, समय लगायतका अन्य विषयमा समयानुकूल परिमार्जनका लागि आयोगसमक्ष सुझाव पेस गर्ने,

(ग) परीक्षणका लागि निर्धारण गरिएको ढाँचाबमोजिम विस्तृत पाठ्यक्रम स्वीकृत गर्ने,

(घ) परीक्षणका लागि अवलम्बन गर्ने प्रणालीका सम्बन्धमा उपलब्ध साधन स्रोतका आधारमा निर्णय गर्ने,

(ङ) परीक्षण प्रक्रिया र सञ्चालनका सम्बन्धमा परेका गुनासा तथा उजुरीहरूको छानबिन गरी निरूपण गर्ने,

(च) परीक्षण सञ्चालनको कार्यक्रम र कार्ययोजना स्वीकृत गर्ने,

(छ) परीक्षणका सम्बन्धमा वार्षिक कार्यक्रम तथा बजेट तयार गरी आयोगमा पेस गर्ने,

(ज) प्रश्नपत्र निर्माण तथा परीक्षण कार्यमा संलग्न हुने विज्ञको विषयगत समूह (क्लस्टरगत रोस्टर) स्वीकृत गर्ने,

(झ) परीक्षणमा सहभागी उम्मेदवारको अन्तिम नतिजा प्रकाशनका लागि निर्णय गर्ने,

(ञ) मूल्याङ्कन फाराम तयार गरी स्वीकृत गर्ने तथा आवश्यकताअनुसार परिमार्जन गर्ने,

(ट) परीक्षण सञ्चालनका सम्बन्धमा देखिएका तत्कालीन समस्या समाधान गर्ने,

(ठ) परीक्षणका सम्बन्धमा आवश्यक देखिएका अन्य कार्य गर्ने, गराउने ।

७. **समितिको सचिवालय**: (१) आयोगको राष्ट्रिय योग्यता परीक्षणसम्बन्धी कार्य हेर्ने शाखाले समितिको सचिवालयको रूपमा रहने छ ।

(२) शाखा प्रमुखले समितिको सचिवको रूपमा कार्य गर्ने छ ।

(३) यस नियमावलीमा अन्यत्र उल्लिखित कार्यका अतिरिक्त शाखाको कार्य देहायबमोजिम हुने छः-

(क) समितिको सचिवालयको रूपमा काम गर्ने,

सदस्य सचिव

(ख) समितिबाट स्वीकृत वार्षिक कार्ययोजना तथा क्यालेन्डरबमोजिम राष्ट्रिय योग्यता परीक्षण सम्बन्धी कार्य गर्ने,

(ग) परीक्षणका लागि आवेदन माग गर्ने, परीक्षण सञ्चालन, मूल्याङ्कन र परीक्षाफल प्रकाशित गर्ने सम्मका सम्पूर्ण कार्य गर्ने गराउने,

(घ) परीक्षणका सम्बन्धमा वार्षिक कार्यक्रम तथा बजेट तयार गरी समितिमा पेस गर्ने,

(ङ) परीक्षणका लागि निर्धारण गरिएको ढाँचा बमोजिम विस्तृत पाठ्यक्रम तयार गरि समितिसमक्ष पेस गर्ने,

(च) परीक्षण कार्यमा संलग्न हुने विज्ञको विषयगत क्लस्टर तयार गर्ने र स्वीकृतिका लागि समितिमा पेस गर्ने,

(छ) परीक्षणका लागि आवश्यक कार्यविधि निर्माणका लागि समितिसमक्ष सुझाव पेस गर्ने,

(ज) परीक्षणसँग सम्बन्धित दैनिक प्रशासनिक कार्य गर्ने,

(झ) वार्षिक प्रगति प्रतिवेदन तयार गर्ने,

(ञ) परीक्षण कार्यको अनुमगमन तथा मूल्याङ्कनको व्यवस्था गर्ने,

(ट) आयोग र समितिले तोकेका अन्य कार्य गर्ने/गराउने।

## परिच्छेद- ४

## आवेदन, योग्यता तथा परीक्षणसम्बन्धी व्यवस्था

८. **आवेदन दिनु पर्ने** : (१) यस नियमावलीबमोजिम योग्यता पुगेका व्यक्तिले राष्ट्रिय योग्यता परीक्षणका लागि आयोगले नियम ४ बमोजिम तोकेको म्यादभित्र दरखास्त फाराम भरी आवश्यक कागजात र दस्तुरसहित आयोगमा आवेदन दिनुपर्ने छ ।

(२) यस नियमावलीबमोजिम योग्यता नपुगेको वा प्रचलित कानुनबमोजिम विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थामा शिक्षण प्रशिक्षण गर्न योग्य नभएको व्यक्तिले आवेदन दिनसक्ने छैन ।

९. **आवेदकको योग्यता** : (१) राष्ट्रिय योग्यता परीक्षण परीक्षामा सहभागी हुन देहायका योग्यता पूरा भएको हुनु पर्ने छ:-

(क) नेपाली नागरिक भएको,

(ख) सम्बन्धित विषयमा कम्तीमा पचास प्रतिशत अङ्क वा सिजिपिए २.७ ल्याई स्नातकोत्तर उपाधि प्राप्त गरेको,

(ग) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट कसुरदार नठहरिएको,

(घ) नेपाल सरकार वा कुनै सङ्गठित संस्थाबाट भविष्यमा अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नगरिएको,

(ङ) अन्य कुनै कानुनले अयोग्य नभएको ।

सदस्य सचिव

(२) विदेशी विश्वविद्यालयबाट शैक्षिक उपाधि प्राप्त गरेकाको हकमा सो शैक्षिक उपाधिको समकक्षता प्राप्त गरेको प्रमाणपत्र,

१०. **परीक्षण ढाँचा** : (१) राष्ट्रिय योग्यता परीक्षणमा अभिक्षमता परीक्षण (Aptitude Test) र विषयवस्तुको ज्ञान (Subject-Specific Knowledge) लाई मूल्याङ्कनको क्षेत्र मानी बहुवैकल्पिक प्रश्नहरू (Multiple Choice Questions) का आधारमा सञ्चालन गरिने छ ।

(२) उपनियम (१) बमोजिम परीक्षण मूल्याङ्कनको क्षेत्र, अङ्कभार, समय लगायतका विषय देहायबमोजिम हुने छन्:-

| पत्र | पूर्णाङ्क | उत्तीर्णाङ्क | विषयवस्तु | प्रश्न सङ्ख्या र अङ्क भार | | समय |
|---|---|---|---|---|---|---|
| | | | | ज्ञान/जानकारी तथा बोध (knowledge and understanding) तहका प्रश्नहरू | प्रयोग, विश्लेषण तथा मूल्याङ्कन (Application, analysis and evaluation) तहका प्रश्नहरू | |
| प्रथम | ५० | २५ | **अभिक्षमता परीक्षण (Aptitude Test):**<br>(क) शिक्षण अभिक्षमता (Teaching Aptitude)<br>(ख) सञ्चार/संवाद अभिक्षमता (Communication Aptitude)<br>(ग) अनुसन्धान अभिक्षमता तथा प्रकाशन नैतिकता (Research aptitude and publication ethics)<br>(घ) सूचना तथा सञ्चार प्रविधि (Information and communication technology)<br>(ङ) नेपालको इतिहास, भूगोल, संस्कृति तथा प्राकृतिक स्रोत (History, geography, culture and natural resources of Nepal)<br>(च) उच्च शिक्षाप्रणाली (Higher education system), राष्ट्रिय उच्च शिक्षा नीति (National higher education policy), उच्च शिक्षा सम्बन्धी संवैधानिक तथा कानुनी व्यवस्था (Constitutional and legal provisions on higher education) | ३० प्रश्न *१ अङ्क=३० | १० प्रश्न *२ अङ्क=२० | १ घण्टा |
| दोस्रो | १०० | ५० | **विषयवस्तु परीक्षण (Subject-Specific Test):**<br>सम्बन्धित विषयको ज्ञान (Subject-specific knowledge) | ६० प्रश्न *१ अङ्क=६० | २० प्रश्न *२ अङ्क=४० | २ घण्टा |

(३) प्रथम पत्रको परीक्षा सङ्कायगत रूपमा र दोस्रो पत्रको परीक्षा विषयगत रूपमा सञ्चालन गरिने छ।

सदस्य सचिव

(४) प्रथम तथा दोस्रो पत्रको पाठ्यक्रमको थप विस्तृतीकरण तथा अङ्कविभाजन समितिले निर्धारण गरेबमोजिम हुने छ।

(५) बहुवैकल्पिक प्रश्नको प्रत्येक गलत उत्तरमा २५ प्रतिशत अङ्क घटाइने छ ।

(६) प्रत्येक पत्रमा छुट्टाछुट्टै उत्तीर्ण हुनुपर्ने छ।

(७) प्रथम र दोस्रो पत्रको परीक्षणमा उम्मेदवारले प्राप्त गरेको अङ्कलाई जोडी कुल प्राप्ताङ्क निर्धारण गरिने छ।

११. **पाठ्यक्रमसम्बन्धी व्यवस्था** : (१) राष्ट्रिय योग्यता परीक्षणका लागि आवश्यक पर्ने विधागत, क्षेत्रगत तथा विषयगत पाठ्यक्रम समितिको सिफारिसमा आयोगले निर्धारण गरेबमोजिम हुने छ ।

(२) पाठ्यक्रमको खाका निर्धारणका लागि समितिले आवश्यकताअनुसार विज्ञ समिति गठन गर्न सक्ने छ।

(३) उपनियम (२) बमोजिमको विज्ञ समितिको सिफारिसबमोजिम समितिले निर्णय गरी पाठ्यक्रम स्वीकृतिका लागि आयोगसमक्ष सिफारिस गर्ने छ ।

(४) आयोगले पाठ्यक्रमलाई समसामयिक बनाउन आवश्यकताअनुसार परिमार्जन गर्नेछ ।

१२. **विज्ञको रोस्टर** : (१) शाखाले परीक्षण तथा मूल्याङ्कन कार्यका लागि वार्षिक रूपमा विषयविज्ञको समूह (कलस्टरगत रोस्टर) तयार गरी समितिबाट स्वीकृत गराई राख्ने छ ।

(२) कलस्टरगत रोस्टरमा सम्बन्धित विषयका विज्ञ, शिक्षण कौशलसम्बन्धी विज्ञ तथा अनुसन्धानसम्बन्धी विज्ञ समावेश गर्नुपर्ने छ ।

(३) कलस्टरगत रोस्टरमा सूचीकृत विज्ञलाई मात्र परीक्षण कार्यमा सहभागी गर्नुपर्ने छ ।

(४) कलस्टरगत रोस्टरमा सूचीकृत हुन आयोगले सार्वजनिक सूचना प्रकाशित गर्ने छ ।

१३. **परीक्षणसम्बन्धी व्यवस्था :** (१) परीक्षा सञ्चालन तथा परीक्षणसम्बन्धी कार्य समितिले गर्नेछ ।

(२) राष्ट्रिय योग्यता परीक्षणको परीक्षा सञ्चालनका लागि आवश्यक सहयोग गर्नु मन्त्रालय, आयोग तथा विश्वविद्यालयको कर्तव्य हुने छ ।

(३) समितिले परीक्षण कार्यका लागि नियम १२ बमोजिम सूचीकृत विज्ञको सहयोग लिने छ।

(४) नियम १२ बमोजिम सूचीकृत विज्ञ मध्येबाट मात्र समितिले परीक्षणको विषय छनोट, परीक्षण तथा सम्परीक्षणसम्बन्धी कार्य गराउने छ ।

(५) स्वार्थ बाझिने खण्डमा कुनै पनि व्यक्तिले परीक्षा सम्बन्धी कुनै कार्यमा संलग्न हुनु हुँदैन। सोको लागि समितिले रोष्टरमा रहेका व्यक्तिलाई स्वघोषणा गराउने छ ।

(६) समितिबाट सञ्चालन हुने योग्यता परीक्षणसम्बन्धी परीक्षामा आवश्यकताअनुसार मन्त्रालय तथा आयोगका कर्मचारीले सहयोग गर्ने छन् ।

सदस्य सचिव

(७) परीक्षा सञ्चालनसम्बन्धी अन्य विषय समितिले निर्धारण गरेबमोजिम हुनेछ ।

१४. **परीक्षाको माध्यम** : (१) राष्ट्रिय योग्यता परीक्षणको प्रथम पत्रको प्रश्न वा उत्तरको भाषा अङ्ग्रेजी वा नेपाली वा अङ्ग्रेजी र नेपाली दुवै हुन सक्ने छन् ।

(२) नेपाली, संस्कृत, मैथिली, नेपाल भाषा जस्ता विश्वविद्यालयमा अध्ययन अध्यापन हुने भाषागत विषयको हकमा परीक्षणको दोस्रो पत्रको प्रश्न वा उत्तरको भाषा जुन विषय (भाषा) मा संलग्न हुने हो सोहि भाषाको हुनेछ । अन्य विषयको हकमा दोस्रो पत्रको प्रश्न उत्तरको भाषा अंग्रेजी हुनेछ।

## परिच्छेद- ५

## नतिजा तथा प्रमाणपत्रसम्बन्धी व्यवस्था

१५. **नतिजा प्रकाशन** : (१) आयोगले परीक्षा सम्पन्न भएको तीन महिनाभित्र नतिजा प्रकाशन गर्ने छ।

(२) परीक्षणमा उत्तीर्ण उम्मेदवारको नामावली आयोगको सूचना पाटीमा टाँस गरी आयोगको वेबसाइटमा प्रकाशन गरिने छ।

(३) उपनियम (१) बमोजिमको नतिजामा कुनै दाबी विरोध भएमा त्यस्तो दाबीका लागि आयोगले पन्ध्र दिनभित्र आवेदन गर्न सक्ने गरी समय दिने छ।

(४) उपनियम (३) बमोजिम प्राप्त आवेदनका सम्बन्धमा आयोगले सम्बन्धित विषयविज्ञ सहितको टोली गठन गरी जाँचबुझ गराई प्रतिवेदन प्राप्त भएपछि समितिले निर्णय गरेबमोजिम हुने छ ।

१६. **प्रमाणपत्रसम्बन्धी व्यवस्था** :- (१) परीक्षणमा सफल हुने उम्मेदवारलाई आयोगले प्रमाणपत्र उपलब्ध गराउने छ ।

(२) प्रमाणपत्रको मान्य अवधि ५ वर्षको हुने छ।

तर, विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाका सम्बन्धित ऐन तथा नियमावलीले तोकेबमोजिमका प्रक्रियाबाट स्थायी सेवामा प्रवेश गरिसकेकाको हकमा यो समयावधि लागु हुने छैन।

(३) प्रमाणपत्रमा जारी मिति, मान्य हुने अवधि, परीक्षणमा सहभागी भएको सङ्काय र विषय, परीक्षणमा प्राप्त अङ्क अनिवार्य रूपमा उल्लेख गरिएको हुनुपर्ने छ।

(४) उपनियम (१) बमोजिम आयोगले उपलब्ध गराउने प्रमाणपत्रको ढाँचा अनुसूची-१ बमोजिम हुने छ।

(५) परीक्षणमा पाएको प्राप्ताङ्कमा सुधार गर्ने उद्देश्यले कुनै पनि उम्मेदवारले आयोगबाट नियमित रूपमा सञ्चालन हुने अर्को परीक्षणमा सहभागी हुन बाधा पर्ने छैन।

सदस्य सचिव

## परिच्छेद- ६

## विशेष व्यवस्था

१७. **कार्यरत शिक्षकसम्बन्धी विशेष व्यवस्था** :- (१) यो नियमावली लागू हुनुपूर्व विश्वविद्यालय सेवा आयोग वा पदपूर्ति समितिद्वारा सञ्चालित परीक्षामा उत्तीर्ण भई स्थायी नियुक्ति पाएका शिक्षकलाई सम्बन्धित विश्वविद्यालयले उपलब्ध गराएको सूचीका आधारमा आयोगले निश्चित प्रक्रिया अँगाली परीक्षणको प्रमाणपत्र प्रदान गर्नसक्ने छ ।

(२) यस नियमावली लागु हुनुपूर्व विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थामा अस्थायी वा करार सेवामा कार्यरत शिक्षकलाई आयोगले निश्चित प्रक्रिया अपनाई अस्थायी प्रमाणपत्र प्रदान गर्ने छ । त्यस्तो अस्थायी प्रमाणपत्रको अवधि बढीमा तीन वर्षका लागि हुने छ ।

(३) उपनियम (२) बमोजिमको अवधिभित्र यस नियमावलीबमोजिम परीक्षणमा सफल भई प्रमाणपत्र प्राप्त गर्न नसक्ने शिक्षकलाई कुनै पनि विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थामा शिक्षण, प्रशिक्षण तथा अनुसन्धान कार्यमा सहभागि गराउन पाइने छैन ।

(४) उपनियम (२) बमोजिम आयोगले उपलब्ध गराउने प्रमाणपत्रको ढाँचा अनुसूची २ बमोजिम हुने छ।

(५) आयोगले उपनियम (३) बमोजिम कार्य नगर्ने विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थालाई आयोगबाट उपलब्ध हुने सुविधा रोक्का राख्न सक्ने छ ।

१८. **परीक्षणलाई नियुक्तिको आधार बनाउन सकिने:** (१) विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाको सम्बन्धित ऐन तथा नियमावलीले तोकेबमोजिमको प्रक्रियाबाट नियुक्त गरिने बाहेकका उच्च शैक्षिक संस्थाले यस नियमावलीबमोजिमको परीक्षणबाट प्राप्त प्राप्ताङ्कका आधारमा शिक्षकलाई स्थायी नियुक्त गर्न सक्ने छन्।

(२) उपनियम (१) बमोजिम नियुक्त गर्दा नियम १० को उपनियम (२) बमोजिमको पूर्णाङ्कको कम्तीमा २५ प्रतिशत अङ्क पूर्णाङ्क निर्धारण गरेर विषयगत लिखित र अन्तर्वार्ता सञ्चालन गर्नुपर्ने छ।

(३) विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाको सम्बन्धित ऐन तथा नियमावलीले तोकेबमोजिमको खुला प्रतियोगितात्मक परीक्षाका माध्यमबाट स्थायी नियुक्ति गर्दा यस नियमावलीबमोजिमको परीक्षणबाट प्राप्त प्राप्ताङ्कलाई समेत सिफारिसको आधार बनाउनुपर्ने छ।

(४) उपनियम (१) बमोजिम सिफारिसको आधार बनाउँदा खुला प्रतियोगितात्मक परीक्षाको पूर्णाङ्कको दश प्रतिशतले हुन आउने अङ्कलाई आधार मानी परीक्षणको प्राप्ताङ्कलाई सोही अनुपातमा रूपान्तरण गरेर उम्मेदवारको प्राप्ताङ्क कायम गरिनुपर्ने छ। अङ्क गणनासम्बन्धी विधि अनुसूची ३ बमोजिम हुने छ।

१९. **परीक्षण प्रणाली सुदृढीकरणसम्बन्धी व्यवस्था:** (१) परीक्षणलाई नेपालको उच्च शिक्षामा शिक्षण तथा अनुसन्धान पेसामा प्रवेशको अनिवार्य आधारको रूपमा विकास गरिने छ ।

सदस्य सचिव

(२) आयोगले परीक्षण प्रमाणपत्र प्राप्त व्यक्तिहरूको केन्द्रीय डिजिटल रजिस्ट्री स्थापना गरी योग्यता, विषय, सङ्काय, प्राप्ताङ्क, प्रमाणपत्रको मान्य अवधि तथा स्थिति सार्वजनिक प्रमाणीकरण प्रणाली मार्फत प्रमाणित गर्ने व्यवस्था गर्ने छ ।

(३) परीक्षणलाई उच्च शिक्षामा गुणस्तर सुनिश्चितता, शैक्षिक जवाफदेहिता र संस्थागत मान्यता प्रणालीसँग आबद्ध गर्ने नीतिगत व्यवस्था विकास गरिने छ ।

(४) आयोगले परीक्षण प्रणालीमार्फत छनोट हुने जनशक्तिका आधारमा विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाको शैक्षिक गुणस्तर सूचकाङ्क विकास गरी राष्ट्रिय स्तरको गुणस्तर मूल्याङ्कन प्रणाली लागू गर्नसक्ने छ ।

(५) परीक्षण प्रमाणपत्रलाई शिक्षण पेसागत आचारसंहिता सँग आबद्ध गरिनेछ र पेशागत आचरण उल्लङ्घन भएको अवस्थामा प्रमाणपत्र निलम्बन वा खारेज गर्न सकिने कानुनी व्यवस्थाको प्रबन्ध गरिने छ ।

## परिच्छेद- ७

## विविध

**२०. विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाको कर्तव्य** : (१) परीक्षण उत्तीर्ण गरी प्रमाणपत्र प्राप्त योग्य व्यक्तिलाई मात्र शिक्षण, प्रशिक्षण पेसामा प्रवेश गराउनु विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाको कर्तव्य हुने छ ।

(२) उपनियम (१) बमोजिम कार्यसम्पादनका लागि विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाले देहायबमोजिमका कार्य गर्ने छन्:-

(क) परीक्षणमा सफल व्यक्तिलाई मात्र प्राध्यापन सेवामा प्रवेश गराउने कानुनी व्यवस्था गर्ने,

(ख) आंशिक तथा करारका साथै सम्बन्धनप्राप्त उच्च शैक्षिक संस्थामा प्रवेश गर्नेहरूका लागि अनिवार्य गर्नु पर्ने,

(ग) परीक्षणसम्बन्धी कार्यान्वयन र सुधार गर्नुपर्ने विषयमा आयोगलाई सुझाव पेस गर्ने,

(घ) प्राध्यापन पेसामा प्रवेश गरेका व्यक्तिको वार्षिक विवरण आयोगमा पेस गर्ने,

(ङ) आयोगले माग गरेका विवरण उपलब्ध गराउने ।

**२१. आयोगले निर्देशन दिन सक्ने:** (१) विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाको शिक्षण, प्रशिक्षण तथा अनुसन्धान पेसामा योग्य र सक्षम जनशक्तिलाई प्रवेश गराई गुणस्तरीय उच्चशिक्षा सुनिश्चित गर्ने कार्यका लागि आयोगले विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थालाई आयोगका ऐन तथा यस नियमावलीबमोजिम आवश्यक निर्देशन दिनसक्ने छ ।

(२) उपनियम (१) बमोजिमको निर्देशनअनुसार कार्य गर्नु गराउनु सम्बन्धित विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थाको कर्तव्य हुने छ।

सदस्य सचिव

(३) उपनियम (२) बमोजिमको निर्देशनअनुसार कार्य नगर्ने विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थालाई आयोगबाट उपलब्ध हुने सुविधाबाट वञ्चित गर्न सकिने छ ।

२२. **दस्तुर, शुल्क तथा पारिश्रमिकसम्बन्धी व्यवस्था**: (१) परीक्षणको दरखास्त तथा प्रमाणपत्रका लागि लिइने दस्तुर मन्त्रालयको स्वीकृतिमा आयोगले निर्धारण गरेबमोजिम हुने छ ।

(२) परीक्षा सञ्चालनसँग सम्बन्धित कार्यहरू जस्ते पाठ्यक्रम निर्माण, प्रश्नपत्र निर्माण, मोडरेसन, उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशनलगायतका कार्यहरूको पारिश्रमिक मन्त्रालयको स्वीकृतिमा आयोगले निर्धारण गरेबमोजिम हुने छ ।

२३ .**प्रमाणपत्र लिइसक्नुपर्ने:** यो नियमावली लागू भएको एक वर्षभित्र आयोगले निर्धारण गरेको प्रक्रिया बमोजिम विश्वविद्यालय तथा उच्च शैक्षिक संस्थामा कार्यरत शिक्षकले स्थायी वा अस्थायी प्रमाणपत्र प्राप्त गरिसक्नुपर्ने छ ।

२४. **नियमावलीमा संशोधन**: (१) आयोगले यस नियमावलीमा आवश्यक संशोधन गर्नसक्ने छ । तर आर्थिक दायित्व पर्ने विषयमा नेपाल सरकार, अर्थ मन्त्रालयको पूर्वस्वीकृति लिनुपर्ने छ ।

(२) समितिले यस नियमावलीको अनुसूचीमा संशोधन गर्नुपरेमा गर्नसक्ने छ ।

२५. **नियमावलीको व्याख्या र बाधा अड्काउ फुकाउने:** यस नियमावलीको व्याख्या गर्ने तथा कार्यान्वयनको क्रममा कुनै बाधा अड्काउ आइपरेमा त्यस्तो बाधा अड्काउ फुकाउने अधिकार आयोगलाई हुने छ।

२६. **प्रचलित कानुनबमोजिम हुने** : यस नियमावलीमा लेखिएका विषयमा यसैबमोजिम र अन्य विषयमा प्रचलित कानुनबमोजिम हुने छ ।

सदस्य सचिव

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट मिति २०८२।०६।३१ गते स्वीकृत

**अनुसूची-१**

नियम १६ को उपनियम (२) सँग सम्बन्धित

# University Grants Commission

**Bhaktapur, Nepal**

Photo

Certificate No.: ………………..

## NATIONAL ELIGIBILITY TEST CERTIFICATE

This is to certified that ……………………… (Roll No………..) Son/Daughter of ……………………. and ………………………… has qualified the University Grants Commission (UGC), National Eligibility Test (NET) held on …………………. in the subject:…………………………… (…………Faculty). He/she has secured ……… (… percent) marks in the examination.

This certificate shall remain valid for five (5) years from the date of issue.

Date of Issue: …………..

(Official Seal of the Commission)

*(Signature)*
**……Name…..**
**Secretary**

**Note:** *The UGC NET certificate has been issued on the basis of information provided by the candidate in his/her online application form. The appointing authority should verify the original certificates of the candidate while considering him/her for appointment, as the UGC will not be liable for any false information provided by the candidate. The UGC is only responsible for the result which can be verified from the repository available in the UGC.*

सदस्य सचिव

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट मिति २०८२।०६।३१ गते स्वीकृत

**अनुसूची-२**

नियम १७ को उपनियम (२) सँग सम्बन्धित

# University Grants Commission

Bhaktapur, Nepal

Photo

Certificate No.: ………………..

## NATIONAL ELIGIBILITY TEST TEMPORARY CERTIFICATE

This is to certify that Mr./Ms. ……………………………………, a resident of …………………………District, …………………………Metropolitan City/Sub-Metropolitan City/Municipality/Rural Municipality Ward No. …, has been working in a **temporary/contract** capacity at ………………………………………………… from ………………… to …………………

In accordance with the decision of the National Eligibility Test Committee of the University Grants Commission dated ……………………………, this **Temporary National Eligibility Test Certificate** is hereby issued. This certificate authorizes the holder to engage in teaching and academic activities in universities and higher educational institutions for a period of three (3) years from the date of issuance, unless otherwise revoked in accordance with applicable regulations.

Date of Issue: **…………..**

(Official Seal of the Commission)

*(Signature)*
**……Name…..**
**Secretary**

**Note:** *This Temporary NET Certificate is issued for transitional compliance with the National Eligibility Test Regulation and shall not be treated as a permanent NET Certificate. The holder must qualify the regular National Eligibility Test within the prescribed period to obtain a permanent NET Certificate. Failure to do so shall render this Temporary Certificate invalid upon expiry.*

सदस्य सचिव

नेपाल सरकार, शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट मिति २०८२।०६।३१ गते स्वीकृत

## अनुसूची-३

### (नियम १८ को उपनियम (४) सँग सम्बन्धित)

खुला प्रतियोगितात्मक परीक्षाको पूर्णाङ्क १०० भएमा त्यसको दश प्रतिशत अर्थात् १० अङ्क परीक्षणबाट प्राप्त अङ्कको पूर्णाङ्क कायम गरी परीक्षणको प्राप्ताङ्क ६५ रहेको छ भने त्यसको अनुपात ६.५ अङ्क खुला प्रतियोगितात्मक परीक्षामा उम्मेदवारको प्राप्ताङ्कको रूपमा जोड्ने। जस्तै-

| खुला प्रतियोगितात्मक परीक्षाको पूर्णाङ्क | NET लाई दिएको भार १० प्रतिशत | NET मा उम्मेदवारको प्राप्ताङ्क | खुला प्रतियोगितात्मक परीक्षामा जोडिने अङ्क |
|---|---|---|---|
| १०० | १० | ६५ | ६.५ |
| २०० | २० | ६५ | १३ |
| ३०० | ३० | ६५ | १९.५ |

सदस्य सचिव